गाउँ कार्यपालिका
मिति:- २०८२/०६/२७
(बैठक संख्या:- ०४-२०८२/०८३)
स्थान:- गाउँपालिकाको सभाहल

आज मिति २०८२ साल असोज २७ गते तदनुसार नेपाल संवत ११४५, कौलागा, ससमी, सोमबारका दिन दिउँसो ३:०० बजे बारेकोट गाउँपालिका अध्यक्ष श्री वीर बहादुर गिरी ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको चौथो (०४) बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न प्रस्ताव उपर छलफल गरी निर्णयहरु गरियो।

**उपस्थिति:**

| | |
|---|---|
| श्री वीर बहादुर गिरी | अध्यक्ष |
| श्री नर बहादुर गिरी | सदस्य गाउँ कार्यपालिका |
| श्री ऐन बहादुर गिरी | सदस्य, गाउँ कार्यपालिका |
| श्री बीर बहादुर घर्ती | सदस्य, गाउँ कार्यपालिका |
| श्री राम बहादुर सिंह | सदस्य, गाउँ कार्यपालिका |
| श्री विष्णु बहादुर रावत | सदस्य, गाउँ कार्यपालिका |
| श्री गोरख बहादुर थापा | सदस्य, गाउँ कार्यपालिका |
| श्री शेर बहादुर चलाउने | (का.व.अ.-६) सदस्य. गाउँ कार्यपालिका |
| श्री विशाल किरण बस्नेत | सदस्य, गाउँ कार्यपालिका |
| श्री योगेन्द्र बहादुर सिंह | सदस्य, गाउँ कार्यपालिका |
| श्री दान बहादुर शाही | सदस्य, गाउँ कार्यपालिका |
| श्री दील बहादुर नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री दिपक नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री कमला कामी | सदस्य, गाउँ कार्यपालिका |
| श्री कल्पना नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री विष्णु वि. क. | सदस्य, गाउँ कार्यपालिका |
| श्री नैनी नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री राम बहादुर मल्ल | प्र.प्र.अ. (सदस्य सचिव) |

आमन्त्रितहरु:

| | |
|---|---|
| श्री खिम बहादुर रोकाया | कम्प्युटर अधिकृत (छैटौं) |

CamScanner

गाउँ कार्यपालिका
मितिः- २०८२/०६/२७

## बारेकोट गाउँ कार्यपालिकाको वैठकका निर्णयहरु (बैठक संख्याः- ०४-२०८२/०८३)

**प्रस्तावहरुः**

१. अघिल्लो कार्यपालिका वैठकको समिक्षा सम्वन्धमा।
२. IEE को लागि परामर्श सेवा खरिद सम्बन्धमा।
३. स्थानीय भू-उपयोग परिषद गठन सम्बन्धमा।
४. स्थानीय भू-उपयोग परिषदको कार्यान्वयन समिति गठन सम्बन्धमा।
५. रकमान्तर सम्बन्धमा।
६. मन्त्रालयको निर्णय तथा सुझाव कार्यान्वयन गर्ने गराउने सम्बन्धमा।
७. फाइबर नेट जडान सम्बन्धमा।

**निर्णय नं. १**

बारेकोट गाउँपालिकाको यस अघि सम्पन्न कार्यपालिका वैठकमा भएका निर्णयहरु कार्यान्वयनको अवस्था बारे छलफल गरियो। कार्यपालिका निर्णयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने।

**निर्णय नं. २**

बारेकोट गाउँपालिका क्षेत्र भित्र भएर बग्ने नलगाड खोला र यसका सहायक खोलाहरुबाट दिगो तथा पर्यावरणीय असर नहुने गरी ढुङ्गा, गिट्टी, बालुवा लगायत नदिजन्य पदार्थ उत्खनन्, संकलन तथा निकासी गर्न प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्नुपर्ने आवश्यक भएकोले चालु आर्थिक वर्षको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत बजेट शिर्षक पूर्वाधार, कार्यक्रम **सेवा परामर्श,** उपक्षेत्र यातायात पूर्वाधार तथा खर्च शिर्षक ३११३५ बाट खर्च लेख्ने गरी रु. ५०००००।- (अक्षरुपी पाँचलाख) भन्दा नबढ्ने गरी सेवापरामर्श खरिद गर्ने।

**निर्णय नं. ३**

भू-उपयोग ऐन, २०७६ को दफा १८ उप दफा (१) र (२) बमोजजिम सोही ऐनको दफा १९ बमोजिम कार्यगर्न बारेकोट गाउँपालिकाको स्थानीय भू-उपयोग परिषद देहाय बमोजिम गठन गरियो।

**तपसिलः**

| | | |
|---|---|---|
| श्री बीर बहादुर गिरी | अध्यक्ष | गाउँपालिका अध्यक्ष |
| श्री नर बहादुर गिरी | सदस्य | गाउँपालिका उपाध्यक्ष |
| श्री ऐन बहादुर गिरी | सदस्य | वडा अध्यक्ष १ |

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०४-२०८२/०८३)

| | | |
|---|---|---|
| श्री बीर बहादुरर घर्ती | सदस्य | वडा अध्यक्ष २ |
| श्री राम बहादुर सिंह | सदस्य | वडा अध्यक्ष ३ |
| श्री विष्णु बहादुर रावत | सदस्य | वडा अध्यक्ष ४ |
| श्री गोरख बहादुर थापा | सदस्य | वडा अध्यक्ष ५ |
| श्री डम्वर बहादुर महतारा | सदस्य | वडा अध्यक्ष ६ |
| श्री विशाल किरण बस्नेत | सदस्य | वडा अध्यक्ष ७ |
| श्री योगेन्द्र बहादुर सिंह | सदस्य | वडा अध्यक्ष ८ |
| श्री दान बहादुर शाही | सदस्य | वडा अध्यक्ष ९ |
| श्री कमला कामी | सदस्य | कार्यपालिका सदस्य |
| श्री नैनी नेपाली | सदस्य | कार्यपालिका सदस्य |
| श्री कल्पना नेपाली | सदस्य | कार्यपालिका सदस्य |
| श्री विष्णु बि.क | सदस्य | कार्यपालिका सदस्य |
| श्री दिपक नेपाली | सदस्य | कार्यपालिका सदस्य |
| श्री दिल बहादुर नेपाली | सदस्य | कार्यपालिका सदस्य |

**निर्णय नं. ४**

भू-उपयोग ऐन, २०७६ को दफा २० उप दफा (१) बमोजिम बारेकोट गाउँपालिकाको स्थानीय भू-उपयोग परिषदको कार्य गर्न तपसिल बमोजिम स्थानीय भू-उपयोग कार्यान्वयन समिति गठन गरियो।

**तपसिलः**

| | | |
|---|---|---|
| श्री बीर बहादुर गिरी | अध्यक्ष | गाउँपालिका अध्यक्ष |
| श्री नर बहादुर गिरी | सदस्य | गाउँपालिका उपाध्यक्ष |
| श्री ऐन बहादुर गिरी | सदस्य | वडा अध्यक्ष १ |
| श्री बीर बहादुरर घर्ती | सदस्य | वडा अध्यक्ष २ |
| श्री राम बहादुर सिंह | सदस्य | वडा अध्यक्ष ३ |
| श्री विष्णु बहादुर रावत | सदस्य | वडा अध्यक्ष ४ |

गाउँ कार्यपालिका
मिति:- २०८२/०६/२७

## बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०४-२०८२/०८३)

| | | |
|---|---|---|
| श्री गोरख बहादुर थापा | सदस्य | वडा अध्यक्ष ५ |
| श्री डम्बर बहादुर महतारा | सदस्य | वडा अध्यक्ष ६ |
| श्री बिशाल किरण वस्नेत | सदस्य | वडा अध्यक्ष ७ |
| श्री योगेन्द्र बहादुर सिंह | सदस्य | वडा अध्यक्ष ८ |
| श्री दान बहादुर शाही | सदस्य | वडा अध्यक्ष ९ |
| श्री कमला कामी | सदस्य | कार्यपालिका सदस्य |
| श्री नैनी नेपाली | सदस्य | कार्यपालिका सदस्य |
| श्री कल्पना नेपाली | सदस्य | कार्यपालिका सदस्य |
| श्री बिष्णु बि.क | सदस्य | कार्यपालिका सदस्य |
| श्री शोभा पोखरेल | सदस्य | कृषि बिकास शाखा प्रमुख |
| श्री खगेन्द्र बोहरा | सदस्य | वन शाखा प्रमुख |
| श्री देवेन्द्र शाही | सदस्य | भूमी शाखा प्रमुख |
| श्री भास्कर पन्त | सदस्य | सहरी बिकास तथा भौतिक पूर्वधार |
| श्री राम बहादुर मल्ल | सदस्य | सचिव प्रमुख प्रशासकिय अधिकृत |

**निर्णय नं. ५**

बारेकोट गाउँपालिकाको २१ औं गाउँसभाबाट विनियोजित भूमि व्यवस्था सहकारी तथा वित्तीय सेवा (२२५२९) शिर्षकमा विनियोजित रकमबाट देहाय अनुसारका शिर्षकमा तपसिल अनुसारको रकम रकमान्तर गर्ने, साथै उक्त रकमलाई हिउँदे सभाबाट अनुमोदन गराउने।

| क्र.स | साबिकको शिर्षक | साबिक रकम | हालको शिर्षक | रकमान्तर रकम |
|---|---|---|---|---|
| १ | भूमि व्यवस्था सहकारी तथा वित्तीय सेवा २२५२९ | १४००००० | भू-उपयोग योजना निर्माण | ७००००० |
| | | | ल्यापटप तथा प्रिन्ट खरिद | २००००० |
| | | | सहकारी तथा वित्तिय सेवा | ५००००० |
| | जम्मा | | | १४००००० |

राम बहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिका
मिति:- २०८२/०६/२७

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०४-२०८२/०८३)

**निर्णय नं. ६**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०८२/०८३ च.नं. ११३ मिति २०८२।०६।०८ गतेको प्राप्त पत्रानुसार नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०८२।०६।०५ गते सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मत, सार्वजनिक सेवा सुचारु, खर्च व्यवस्थापन, आर्थिक पुरुत्थान र राहत लगायत अनुत्पादक खर्च कटौती र मितव्ययिता सम्बन्धमा भएका तपसिलका निर्णय तथा सुझावहरु कार्यान्वयन गर्ने गराउने।

**तपसिल**

नेपाल सरकार
## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३
चलानी नं.:- ११३

मिति:२०८२।०६।०८
ने.सं. ११४५

श्री प्रमुख प्रशासकीय अधिकृत
गाउँपालिका (सबै)
नगरपालिका (सबै)

विषय: निर्णय कार्यन्वयन गर्ने/गराउने सम्बन्धमा।

प्रस्तुत विषयमा अर्थ मन्त्रालयको प.सं.२०८२/८३, (बजेट) च.नं.११८, मिति २०८२/६/७ को पत्र मार्फत नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०८२/६/५ मा सार्वजनिक संरचनाको पुनर्निमाण र मर्मत, सार्वजनिक सेवा सुचारु निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरुत्थान र राहत समेतका लागि आयोजनाको पुनर्प्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धी निर्णय यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)
शाखा अधिकृत

बोधार्थ:
श्री अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखा
श्री सूचना प्रविधि शाखा: इमेल मार्फत गाउपालिका/नगरपालिकालाई जानकारी गराई वेबसाइटमा अपलोड गरिदिनुहुन ।

नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- २०८२/८३ (बजेट)
च. नं.:- ११८

मितिः २०८२/६/७

**विषयः निर्णय कार्यान्वयन गर्ने/गराउने सम्बन्धमा।**

श्री प्रमुख प्रशासकीय अधिकृत,
सबै महानगर/उप महानगर/नगर/गाउँ कार्यपालिकाको कार्यालय

नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०८२/६/५ मा सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मत, सार्वजनिक सेवा सुचारु, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरुत्थान र राहत समेतका लागि आयोजनाको पुनर्प्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धी देहाय बमोजिम निर्णय भएकोले तहाँ तथा मातहतका निकायहरूमा कार्यान्वयन गर्नको लागि पटाइएको व्यहोरा अनुरोध गर्दछु।

**देहायः**

**क. आयोजनाको प्राथमिकीकरण र पुँजीगत खर्च व्यवस्थापन**

(१) सरकारी संरचना पुनर्निर्माण गर्दा सेवाग्राहीमैत्री, खुला र छरितो संरचना बनाउने। कार्यालयको कार्यबोझ, कार्य प्रकृति तथा दरबन्दी संरचनालाई विश्लेषण गरी भौतिक संरचना र ले-आउट व्यवस्थापन गर्ने।

(२) नेपाल सरकारबाट सञ्चालन हुने, नेपाल सरकारबाट वित्तीय हस्तान्तरण भएका प्रदेश वा स्थानीय तहबाट सञ्चालन हुने रू.१० लाखभन्दा बढीका आयोजनाहरू उपभोक्ता समितिबाट कार्यान्वयन नगर्ने/नगराउने। आयोजना टुक्र्याएर उपभोक्ता समितिबाट काम गराउन नपाइने।

(३) निर्माण कार्यमा कन्टिन्जेन्सी रकमको सीमा घटाई रू.१ अर्बसम्म लागत अनुमान भएका आयोजनामा ३ प्रतिशतसम्म र सोभन्दा बढीका निर्माण आयोजनामा २ प्रतिशतसम्म हुने गरी कार्यान्वयन गर्ने।

**ख. खर्च मितव्ययिता तथा स्रोत परिचालनका क्षेत्रहरू**

**(१) भत्ता सम्बन्धमा**

(क) सार्वजनिक निकायका पदाधिकारी र कर्मचारीलाई नियमित कामका लागि बैठक भत्ता उपलब्ध नगराउने। तर कानून बमोजिम गठन भएको समितिको काममा कार्यालय समय बाहिरको बैठकको भत्ता उपलब्ध गराउन सकिने।

(ख) सरकारी, आफ्नो वा आफ्नो परिवारको स्वमित्वमा रहेको निजी आवास प्रयोग गर्ने पदाधिकारीले आवास सुविधा बापतको रकम लिन नपाउने।

**(२) परामर्श सेवा सम्बन्धमा**

(क) विद्यमान जनशक्तिबाट सम्पादन हुने कामको लागि विनियोजित बजेटको उपयोग गरी बाह्यसेवा परामर्शबाट काम गर्न/गराउन नपाउने।

(ख) विधेयक, नियम, विनियम, कार्यविधि, दिग्दर्शन, मापदण्ड र निर्देशिका बनाउने जस्ता कामका लागि सेवा परामर्श नलिने।

(ग) विद्यमान जनशक्तिबाट सम्पादन हुन नसक्ने अवस्था हो भनी सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गराएर मात्र पुँजीगत अनुसन्धान तथा परामर्शका लागि खर्च गर्न सकिने।

**(३) पानी, बिजुली र सञ्चार महसुल लगायतका सेवा खर्चमा मितव्ययिता कायम गर्ने**

(क) पानी, बिजुली र सञ्चार महसुल बापत विनियोजित बजेटबाट खर्च धान्ने गरी मितव्ययी ढंगले खर्च गर्ने। कार्यालयमा आवश्यक नपरेको समयमा बत्ती, एअरकन्डिसन, पंखा जस्ता बिजुली खपत हुने यन्त्र उपकरण चलेको छ कि भनी सम्बन्धित कर्मचारी स्वयंले नियमित चेक गर्ने।

(ख) सरकारी कार्यालयको लागि न्यूनतम आवश्यकताभन्दा बढी कोठा र सुविधा भएको घर बहालमा नलिने। सरकारी कार्यालयहरूले सकेसम्म व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिने।

**(४) पुराना संरचना तथा सामान प्रयोग गर्न प्रोत्साहित गर्ने र अनुपयोगी सामान लिलाम गर्ने**

(क) संघ, प्रदेश र स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूमा सवारी साधन, मोबाइल फोन, फर्निचर, ल्यापटप, डेस्कटप कम्प्युटर, मोटरसाईकल जस्ता सामान उपयोगमा पुरानो सामान प्रयोग गर्ने।

(ख) जेनजी आन्दोलनका क्रममा सिर्जना भएको असामान्य परिस्थितिबाट क्षति भएका कार्यालयहरूलाई आवश्यक पर्ने भवन, टेबल, कुर्सी, दराज, सोफा लगायतका कार्यालय सामान, मेशिन उपकरण, फर्निचर जस्ता सामग्री नजिकको कार्यालयमा भएकोबाट हस्तान्तरण गराई उपयोग गर्ने। यसरी हस्तान्तरण भएको सामानको हस्तान्तरण कार्यालय प्रमुख तहको निर्णयबाट नै हुने।

(ग) सरकारी भौतिक संरचनाको बीमा गर्ने कार्य सुरुवात गर्ने।

राम बहादुर महत
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च. नं. :-

**(५) संगठन संरचना सुधार**

(क) अत्यावश्यक अवस्थामा प्राविधिक जनशक्ति बाहेक थप दरबन्दी सिर्जना नगर्ने। विशेषज्ञ सेवामा दीर्घकालीन दायित्व सिर्जना नहुने गरी स्थायी दरबन्दीको सट्टा सेवा परामर्श लिने।

(ख) संगठन तथा व्यवस्थापन सर्भेक्षण स्वीकृत भई थप संरचना तथा दरबन्दी सिर्जना भएका स्थानीय तहले संक्षिप्त संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी चुस्त, छरितो र मितव्ययी बनाउन अनावश्यक संरचना र दरबन्दी शीघ्र घटाउने।

(ग) संघ, प्रदेश र स्थानीय तहमा कार्य जिम्मेवारीमा दोहोरोपन/तेहोरोपन हुने गरी नयाँ संरचना सिर्जना नगर्ने र हाल दोहोरो परेका संरचना खारेज गर्ने।

(घ) Contracting Out र Outsourcing बाट हुने कामलाई स्थायी संरचना सिर्जना नगर्ने।

(ङ) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहमा स्वीकृत दरबन्दी बाहेकमा अस्थाई तथा करारमा कर्मचारी राख्न नपाउने।

(च) राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभाका अध्यक्ष बाहेक नेपाल सरकार, प्रदेश तथा स्थानीय तहका पदाधिकारीको लागि सल्लाहकार नियुक्ति नगर्ने।

(छ) राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश प्रमुख, नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्री बाहेक सांसद लगायत अन्य राजनीतिक पदाधिकारीको स्वकीय सचिवको सुविधा खारेज गर्ने।

**(६) चालु खर्च घटाउने**

(क) अत्यावश्यक बाहेकका तालिम, गोष्ठी तथा सेमिनार सञ्चालन नगर्ने, सञ्चालन गर्नै पर्ने अवस्थामा सरकारी हलहरूमा र सम्भव भएसम्म अनलाइन तालिम गोष्ठी जस्ता कार्यक्रम सञ्चालन गर्ने।

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, संस्थान, प्रतिष्ठान र नियामक निकायको खर्चमा अत्यावश्यक अवस्थामा बाहेक विदेश भ्रमणमा रोक लगाउने। नेपाल सरकारको प्रतिनिधित्व सम्बन्धित नियोगबाट हुनसक्ने अवस्था भएमा सम्बन्धित नियोगलाई नै अख्तियारी दिने।

(ग) सरकारको प्रतिनिधित्व अनिवार्य भएको अन्तर्राष्ट्रिय सभा सम्मेलनमा राष्ट्र प्रमुख वा सरकार प्रमुखको नेतृत्वमा हुने प्रतिनिधिमण्डल बढीमा १० जना र नेपाल सरकारको स्रोतमा हुने अन्य प्रतिनिधिमण्डलमा बढीमा ३ जना मात्र सदस्य रहने।

राज बहादुर जल्ला
प्रमुख प्रशासकीय अधिकृत

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, [illegible], अ.आ.स.स.म. ४२११८३१
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३०, कानून तथा फैसला का.म. [illegible], तथा सं.स.म. ४२११९९१, वि.स.स.म. [illegible]
फ्याक्स नं. ४२११९६४, ४२११३६८ (बजेट म.), [illegible] (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेबसाइट: www.mof.gov.np

नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च. नं.:-

(७) **सवारी साधनको उपयोग**

(क) सवारी सुविधा सम्बन्धी सम्बन्धित कानूनमा सङ्ख्या किटान भएकोमा बाहेक सवारी सुविधा पाउने राजनीतिक तथा प्रशासनिक पदाधिकारीलाई एक भन्दा बढी सवारी साधन उपलब्ध नगराउने/प्रयोग नगर्ने।

(ख) सवारी साधन क्षति भएका मन्त्रालय एवम् केन्द्रीय निकाय तथा कार्यालयले आफ्नो मातहतका विभाग, निकाय वा कार्यालयहरुमा भएका सवारी साधनबाटै व्यवस्थापन गर्ने।

(ग) राजनीतिक तथा प्रशासनिक पदाधिकारीको सुविधाका लागि नयाँ सवारी साधन खरिद नगरी उपलब्ध सवारी साधनबाटै व्यवस्थापन गर्ने।

(घ) सवारी सुविधा पाउने पदाधिकारी तथा कर्मचारीलाई सवारी सुविधा व्यवस्थापन सम्बन्धी छुट्टै मापदण्ड अर्थ मन्त्रालयले ४५ दिनभित्र तयार गरी सोही बमोजिम व्यवस्थापन गर्ने।

(ङ) समयमा निर्वाचन सम्पन्न गर्न तथा शान्ति सुरक्षा प्रयोजनको लागि उपलब्ध सवारी साधनबाट अपुग भएमा खरिद गर्न सकिने।

(च) सरकारी सवारी साधनको पूर्ण (कम्प्रिहेन्सिभ) निर्जीवन बीमा गर्ने।

(८) **अन्य खर्च कटौती**

(क) नेपाल सरकार र प्रदेश सरकारका मन्त्रीहरू लगायत राजनीतिक पदाधिकारीका स्वकीय सचिवालयका लागि मन्त्रालयमा कार्यकक्ष नराख्ने। यस्ता स्वकीय सचिवालयका कर्मचारीका लागि सवारी साधन, वैदेशिक भ्रमण र अन्य भौतिक सुविधा उपलब्ध गराउन नपाइने।

(ख) प्रेस समन्वयका लागि अतिरिक्त नियुक्ति नगरी सम्बन्धित निकायकै प्रवक्ता तथा सूचना अधिकारीबाट कार्यसम्पादन गर्ने व्यवस्था मिलाउने।

(ग) सार्वजनिक संस्थानमा रिक्त रहेका कार्यकारी प्रमुखको पदमा तत्कालका लागि नेपाल सरकारको स्थायी सेवामा रहेका कर्मचारीलाई काजमा खटाउने।

(घ) महँगा इलेक्ट्रोनिक्स र विलासी सामग्रीहरू खरिद नगर्ने ।

(ङ) ग्याँस, साइकल, स्वास्थ्य बीमा शुल्क, विद्युत महशुल भुक्तानी, ह्याण्डपम्प, साडी वितरण जस्ता वितरणमुखी कार्यक्रम सञ्चालन गर्न नपाइने।

राजबहादुर मल्ल
उपसचिव/शाखा अधिकृत

टेलिफोन नं:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३०, राजस्व म.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९१३, वि.स.स.म. ४२११३१६
फ्याक्स नं. ४२११११४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np

नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्या:-
च. नं.:-

(९) **बक्यौता असुली**

(क) नेपाल सरकार अन्तर्गतका निकायले प्राप्त गर्नुपर्ने कर राजस्व वा गैरकर राजस्व असुलीलाई प्रभावकारी बनाउने सम्बन्धित मन्त्रालय जवाफदेही हुने।

(ख) अन्तिम लेखा परीक्षणबाट असुल उपर गर्ने भनी तोकिएको बेरूजु तुरुन्त असुल उपर गर्ने।

(१०) उल्लिखित निर्णय कार्यान्वयनको अनुगमन सम्बन्धित निकायका प्रमुखले नियमित रूपमा गर्ने गराउने।

(सुमन दाहाल)
सह-सचिव

**बोधार्थ:**
श्री महालेखा परीक्षकको कार्यालय, अनामनगर, काठमाडौं।
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं।
श्री संघीय मामिला तथा सामान्य प्रशासन कार्यालय, सिंहदरबार, काठमाडौं।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सबै।

**निर्णय नं. ७**

बारेकोट गाउँपालिकाको अन्तर्गत विभिन्न वडा कार्यालयमा हाल सम्म पनि उच्च गतिको फाइबरनेट नपुगेको र वडा कार्यालयहरुबाट प्रवाह गरिने सेवाहरुमा असहजता भएकोले उक्त वडा हरुमा आ.व. २०८२/०८३ भित्र फाइबर नेट पुर्‍याउन पहिलो चरणमा नं. २,३,४,८ र ९ वडा कार्यालयहरुमा फाइबर नेट जडान गर्न बारेकोट गाउँपालिका खरिद समितिको निर्णयानुसार मुअकर सहित रु. ९९६६६० लागत अनुमान स्वीकृत गरिएकोमा उक्त रकम आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गतका फाइबर नेट विस्तार र संचार महसुल बजेट खर्च शिर्षक नं. २२११२ बाट भुक्तानी दिने।



CamScanner